# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल

प.स. ०८०/०८१
च.नं. २६२

मितिः २०८०/०६/०४

विषयः- विवरण पठाउने सम्बन्धमा ।

श्री वडा समितिको कार्यालय सबै (१-११),
मिथिला नगरपालिका, धनुषा ।

प्रस्तुत् विषयमा विभिन्न जिल्लाका कतिपय स्थानीय तहहरुमा सरकारी अभिलेख (फिल्डबुक) मा गौचरन, खर्क, कुलो, राजकुलो, बाटो, खलो, खरियान, भिर, पाखो, वन, बुट्यान, खरबारी, कान्ला, ईनार, कुवा, ताल तलैया, खोला, नदी, खोल्सो, खोल्सी, बगर, बालु, बालुबुर्ज, डहर, डहरो, डगर, बजार, हाटबजार, हात्तिसार, ढुंग्यान, तुनथार, सडक, मसानघाट, कब्रस्थान, चिहान, आदि उल्लेख भएका तर हाल ति जग्गाहरु सरकारी अभिलेखमा उल्लेख भएको प्रयोजनमा नरहि लामो समय देखि (कम्तीमा १० वर्ष भन्दा अघि देखि) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुले घर टहरा बनाई बसोबास वा आवाद कमोद गर्दै आएका र भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन सम्बन्धि कार्यविधि, २०७८ को अनुसूची ३ र ४ बमोजिमको फाराम भरेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको अनुमानित संख्या र त्यस्तो जग्गाको क्षेत्रफल आँकलन गरि राष्ट्रिय भूमि आयोगमा पठाउनका लागि राष्ट्रिय भूमि आयोगको मिति २०८०/०५/२७ गते बसेको बैठकले निर्णय अनुसार आयोगको कार्यालयबाट पत्राचार गरिएको हुँदा तहाँ वडा कार्यालयको क्षेत्र भित्र रहेका सो सम्बन्धि विवरण यस न.पा. कार्यालयमा यथाशिघ्र पठाई आयोगको कार्यालयमा पठाउने कार्यमा सहजिकरण गरि दिनु हुन अनुरोध छ ।

...................................
अशोक कुमार भण्डारी
(निमित्त प्रमुख प्रशासकीय अधिकृत)

नि. प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# राष्ट्रिय भूमि आयोग

☎ ०१-५३१३९३२
५३१३९३५
५३१३९३६
टोल फ्री नं.: १६६००१३५४४४
वेबसाइट : www.nlc.gov.np
इमेल: info@nlc.gov.np

पत्र संख्या :- २०८०/८१
चलानी नं. :- १५५

ताहाचल, काठमाडौं ।
मितिः २०८०।०५।३१

मिथिला नगरपालिका
ढल्केबर, धनुषा
दर्ता नं.- १०३८
मिति २०८०।०५।२९

श्री स्थानीय तहहरू,
सबै।
श्री राष्ट्रिय भूमि आयोग,
जिल्ला समिति (सबै)।

**विषयः आयोगको निर्णय पठाइएको सम्बन्धमा।**

प्रस्तुत विषयमा यस आयोगको मिति २०८०।०५।२७ गते बसेको बैठकले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि निर्णय प्रकृया अघि बढाउने सन्दर्भमा विभिन्न जिल्लाका कतिपय स्थानीय तहहरूमा सरकारी अभिलेख (फिल्डबुक) मा गौचरन, खर्क, कुलो, राजकुलो, बाटो, खलो, खलियान, भीर, पाखो, वन, बुट्यान, खरबारी, कान्ला, इनार, कुवा, ताल, तलैया, खोला, नदी, खोल्सो, खोल्सी, बगर, बालु, बालुबुर्जा, डहर, डहरो, डगर, बजार, हाट, बजार, हात्तिसार, ढुंग्यान, नुनथार, सडक, मसानघाट, कब्रस्थान, चिहान आदि उल्लेख भएका तर हाल ती जग्गाहरू सरकारी अभिलेखमा उल्लेख भएको प्रयोजनमा नरही लामो समयदेखि (कम्तीमा १० वर्षभन्दा अघिदेखि) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले घर टहरा बनाई बसोबास वा आवाद कमोत गर्दै आएका र आयोगमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची ३ र ४ बमोजिमको फाराम भरेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको अनुमानित संख्या र त्यस्तो जग्गाको क्षेत्रफल आँकलन गरी यस आयोगमा सात (७) दिनभित्र पठाउनका लागि स्थानीय तहलाई र आवश्यक सहजीकरणका लागि जिल्ला समितिलाई पत्राचार गर्ने भनी निर्णय गरेको हुँदा निर्णयानुसार गर्नुहुन अनुरोध छ।

०८०।५।३१
(शालिकराम आचार्य)
उप-सचिव

नेपाल सरकार
# राष्ट्रिय भूमि आयोग

☎ ०१-५३१३९३२
५३१३९३५
५३१३९३६
टोल फ्री नं.: १६६००१३५४४४
वेबसाइट : www.nlc.gov.np
इमेल: info@nlc.gov.np

ताहाचल, काठमाडौं ।

पत्र संख्या :- २०८०/८१
चलानी नं. :- १५६

मिति: २०८०।०५।३१

श्री स्थानीय तहहरू,
सबै।
श्री राष्ट्रिय भूमि आयोग,
जिल्ला समिति (सबै)।

विषयः आयोगको निर्णय पठाइएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस आयोगको मिति २०८०।०५।२७ गते बसेको बैठकले भूमिहीन दलित र भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि निर्णय प्रकृया अघि बढाउने सन्दर्भमा विभिन्न जिल्लाका कतिपय स्थानीय तहहरू राष्ट्रिय निकुञ्ज र आरक्षहरूको मध्यवर्ति क्षेत्र र संरक्षित क्षेत्रमा पर्ने देखिएकोले ती ठाउँमा लामो समयदेखि (कम्तीमा १० वर्षभन्दा अघिदेखि) घर टहरा बनाई बसोबास वा आवाद कमोत गर्दै आएका र आयोगमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची ३ र ४ बमोजिमको फाराम भरेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको अनुमानित संख्या र त्यस्तो जग्गाको क्षेत्रफल आँकलन गरी यस आयोगमा सात (७) दिनभित्र पठाउनका लागि स्थानीय तहलाई र आवश्यक सहजीकरणका लागि जिल्ला समितिलाई पत्राचार गर्ने भनी निर्णय गरेको हुँदा निर्णयानुसार गर्नुहुन अनुरोध छ।

८०।०५।३१
(शालिकराम आचार्य)
उप-सचिव